बालबालिका, अल्पसंख्यक समुदाय, वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई आवश्यकता अनुसार पशुपन्छीजन्य पदार्थ वितरण गर्न सक्नेछ ।

(४) निर्देशनालयले तथा कार्यालयले पशुपन्छीजन्य उत्पादनको उपभोग सम्बन्धी सचेतनामूलक सामाग्रीहरुको तयारी, प्रसारण तथा प्रेषण गर्न सक्नेछ ।

(५) निर्देशनालय/कार्यालयले पशुपन्छीपालक कृषकहरुको लागि, पशुपन्छीपालनसँग सम्बन्धित प्रविधि प्रदर्शनी, स्कुल शिक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(६) निर्देशनालयले/ कार्यालयले दूध तथा दुग्धजन्य उत्पादन उपभोग सम्बन्धी सामाग्री तयार गरी राजमार्गको आसपासको उपयुक्त स्थान यकिन गरी डिजिटल बोर्ड मार्फत डिस्प्ले गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(७) निर्देशनालयले /कार्यालयले कार्यक्रम संचालन पूर्व लागत स्टिमेन्ट तयार गरि कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(८) निर्देशनालयले /कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक संघसंस्था, सरकारी निकाय वा अन्य सरोकारवालाहरुसँग सहकार्य वा समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-४

## दूध उत्पादनमा वृद्धि कार्यक्रम

१०. दूध जोन छनौटः कार्यालयले जिल्ला भित्र विगतमा छनौट भएका दुध जोन वा नयाँ दूध जोन छनौट गरी वा दुवै भित्र कार्यक्रम लागू गर्नेछ ।

११. छनौट समितिः (१) दूध जोन छनौटको लागि जिल्लास्थित कार्यालयमा देहाय अनुसारको छनौट समिति रहनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) प्रतिनिधि, जिल्ला दुग्ध उत्पादक सहकारी संघ -सदस्य

(ग) प्रमुख, पशु सेवा कार्यालय -सदस्य

(घ) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि विकास कार्यालय-सदस्य

(ङ) योजना हेर्ने शाखा प्रमुख, पशु सेवा कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम छनौट समितिले आवश्यक ठानेमा २(दुई) जनासम्म दुग्ध उत्पादन/ प्रशोधन/ बजारीकरण कार्यको ज्ञान र अनुभव भएको व्यक्तिलाई विज्ञको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) छनौट समितिले अनुसूची-१० बमोजिमका आधारमा दूध जोन छनौट गर्नेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

१२. प्याकेज निर्धारण: कार्यालयले दैनिक १० लि. वा सो भन्दा माथि दुध उत्पादन गर्ने निजी फार्महरुलाई प्रति साझेदार अधिकतम रु ७५ (पचहत्तर) हजार भुक्तानी गर्नेछ ।

१३. कार्यक्रम सञ्चालनका शर्तहरु: (१) साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण र कर चुक्ता गरेको हुनु पर्नेछ ।

(२) साझेदार संस्थाले पशुहरुको अनिवार्य बीमा गर्नु पर्नेछ र बीमा क्रियाशिल भएको हुनुपर्नेछ ।

(३) साझेदार संस्थाले देहाय अनुसारका कृयाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) पशु आहारा व्यवस्थापन सम्बन्धी कार्यहरू,

(ख) गोठ निर्माण/सुधार,

(ग) जैविक सुरक्षाको व्यवस्थापन,

(घ) उन्नत गाई/भैंसी खरिद ढुवानीमा सहुलियत,

(ङ) उन्नत साँढे/राँगो खरिद (कृत्रिम गर्भाधान कार्य संचालन नुहने स्थानको लागि सम्बन्धित कार्यालयको सिफारिसमा मात्र),

(च) काउ म्याट, अटोमेटिक पानी खुवाउने मेशिन उपकरण खरिद, टिट डिपिङ्ग आदी ।

## परिच्छेद-५

## संक्रामक रोग विरुद्धको खोप/ एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम

१४. पकेट क्षेत्र छनौट: कार्यालयले जिल्ला भित्र विगतमा छनौट भएका वा नयाँ पकेट क्षेत्र छनौट गरी कार्यक्रम लागू गर्नेछ ।

१५. छनौट समिति: (१) एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम कार्यान्वयनको लागि पकेट क्षेत्र छनौट गर्न जिल्लामा देहाय बमोजिमको छनौट समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| प्रतिनिधि, जिल्ला उत्पादक सहकारी संघ/कृषक | -सदस्य |
| प्रमुख, पशु सेवा कार्यालय | -सदस्य |
| प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि विकास कार्यालय | -सदस्य |
| पशु चिकित्सक/पशु विकास अधिकृत, पशु सेवा कार्यालय | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम छनौट समितिले आवश्यक ठानेमा २(दुई) जनासम्म विज्ञ बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१६. पकेट क्षेत्रको छनौट: (१) दफा १५ को उपदफा (१) बमोजिमको छनौट समितिले देहायका आधारमा कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्र छनौट गर्नेछ :-

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(२) आवेदकसँग कम्तीमा २० (बीस) वटा माउ बंगुर हुनु पर्नेछ । कृषक समूहको हकमा कम्तीमा १०(दश) जना बंगुर पालक सदस्य भई प्रति बंगुर पालक सदस्यले कम्तीमा ३(तीन) वटा माउ बंगुर पालेको हुनु पर्नेछ ।

(३) कार्यालयले साझेदार संस्थालाई देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढीमा २.५ लाख रुँपया प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

खोर निर्माण/सुधार,

(क) पशु स्वास्थ्य प्रवर्द्धन,

(ख) भाले/माउ बंगुर खरिद,

(ग) जैविक सुरक्षाको व्यवस्थापन,

(घ) फार्ममा आवश्यक यन्त्र, उपकरण खरिद ।

## परिच्छेद-१०

## खरायो पालन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम

३२. आवेदक: यो कार्यक्रममा लक्षित वर्गले समूह वा सहकारी मार्फत खरायोको मासु वा उन वा दुवैको उत्पादन तथा बजारिकरणको प्रवर्द्धनको लागि आवेदन दिन सक्नेछन्।

३३. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) कार्यालयले साझेदार संस्था छनौट गर्न क्लष्टर मिल्ने गरी आवेदन दिन सूचना आह्वान गर्नेछ ।

३४. क्लष्टर निर्माण: (१) क्लष्टरको छनौट गर्दा सम्भव भएसम्म एकै रोड कोरिडोर समेट्ने क्षेत्र, नजिकको दुरीमा बजार भएको क्षेत्र छनौट गर्नु पर्नेछ ।

(२) क्लष्टरमा कार्यक्रम संचालन गर्दा समूह वा सहकारीको हकमा प्रति सदस्य कम्तिमा ५ वटा भाले पोथी खरायो हुने गरी र क्लष्टरमा कम्तीमा १०० वटा भाले पोथी हुने गरि कार्यक्रम संचालन गर्नुपर्ने छ ।

(३) कम्तिमा ३ वटा क्लष्टरको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थानमा कार्यक्रम संचालन गर्न सक्नेछ।

(४) कार्यक्रमको मूल्याङ्कनका आधारहरु कार्यालयले स्वीकृत गरी प्रस्तावहरुको मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) कार्यालयले साझेदार संस्थालाई देहायका कृयाकलापहरु संचालनको लागि शत प्रतिशत अनुदान उपलब्ध गराउनेछ जसमा खरायोपालन प्रवर्द्धन कार्यक्रमको हकमा प्रति साझेदार बढीमा ७.५ लाख एवं बजारिकरण समेतको हकमा अधिकतम १० लाख रुँपया प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

फार्ममा खरायोको लागि केज निर्माण तथा खोर निर्माण वा मर्मत सम्भार गर्ने

(क) खरायो (भाले वा पोथी) खरिद

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(ख) अन्य आवश्यक यन्त्र/उपकरण तथा समाग्री खरिद

(ग) उन प्रशोधन केन्द्र स्थापना,

(घ) खरायोअभिमुखीकरण तथा तालिम संचालन

(ङ) खरायो आहारा

(च) खरायोका लागी घाँस खेती गर्न विउ/बेर्ना/विरुवा वितरण कार्यक्रम

(छ) बजारीकरण सम्बन्धी क्रियाकलापहरू

(ज) अन्य खरायो सम्बन्धी क्रियाकलापहरू

परिच्छेद-११

भैंसी प्रवर्द्धन कार्यक्रम

३५. आवेदकः यो कार्यक्रममा दर्तावाल पशुपालन कृषक समूह, सहकारी र नीजि फार्महरुले आवेदन दिन सक्नेछन् ।

३६. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) आवेदकसँग कम्तीमा १० (दश) वटा माउ भैंसी हुनु पर्नेछ । कृषक सहकारी वा समूहको हकमा कम्तीमा १०(दश) जना भैंसी पालक सदस्य भई प्रति भैसी पालक सदस्यले कम्तीमा ३ (तीन) वटा माउ भैंसी पालेको हुनु पर्नेछ ।

(३) आवेदक/ कृषक सहकारी/समूहले अनिवार्य रुपमा बिमा गरेको हुनुपर्नेछ।

(४) कार्यालयले साझेदार संस्थालाई देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढीमा ५ लाख रुँपया प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ:-

(छ) घाँस खेती, चरन सुधार,

(ज) प्रजनन् योग्य राँगो खरिद,

(झ) गोठ निर्माण/सुधार,

(ञ) पशु स्वास्थ्य प्रवर्द्धन,

(ट) जैविक सुरक्षाको व्यवस्थापन,

(ठ) फार्ममा आवश्यक यन्त्र, उपकरण खरिद ।

परिच्छेद-१२

स्थानीय जातका असला माछा प्रवर्द्धन तथा संरक्षण कार्यक्रम

३७. आवेदकः यो कार्यक्रममा दर्तावाल कृषक समूह र नीजि फार्महरु / समूहले आवेदन दिन सक्नेछन् ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

३८. <u>कार्यक्रम सञ्चालनको विधि/शर्तहरु:</u> (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) आवेदकसँग कम्तीमा १ रोपनी जग्गा हुनु पर्नेछ ।

(३) आवेदकसँग स्थायी पानीको श्रोतको लागी सफा अनि वर्षभरि पानी बगिरहने भरपर्दो मुहान तथा खोला हुनुपर्ने।

(४)माछा पालनका लागी प्रयोग गरिने पोखरी कम्तीमा ३० वर्गमिटरको हुनुपर्दछ जसको अन्तिम रुप कार्यालयले उपलब्ध गराईएको डिजाइन अनुरुप हुनुपर्नेछ।

(५) आवेदकले पोखरिमा कम्तिमा ३०० गोटा माछाको भुरा सम्बन्धित स्थानीय खोलावाट नै संकलन गरि राख्नुपर्नेछ।

(७) कार्यालयले साझेदार संस्थालाई देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढिमा रु ५० हजार रुँपया प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ:-

(क) रेश्वे निर्माण,

(ख) माछाको भुरा खरिद,

(ग) मत्स्य ह्याचरी निर्माण,

(घ) जैविक सुरक्षा व्यवस्थापन,

(ङ) पानीको व्यवस्थापन (पाईप खरिद, नाला निर्माण),

(च) आवश्यक अन्य यन्त्र/उपकरण तथा समाग्री खरिद,

## परिच्छेद-१३

## <u>करेशा पोखरीमा कार्प जातका माछा पालन कार्यक्रम</u>

३९. <u>आवेदक:</u> यो कार्यक्रममा दर्तावाल माछापालक कृषक समूह र नीजि फार्महरुले आवेदन दिन सक्नेछन् ।

४०. <u>कार्यक्रम सञ्चालनको विधि/शर्तहरु:</u> (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) आवेदकसँग कम्तीमा १ रोपनी जग्गा र स्थायी सफा अनि वर्षभरि उपलब्ध हुने भरपर्दो पानीको श्रोत हुनुपर्नेछ ।

(३) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढिमा ५० हजार रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन्:-

(ड) माछाको भुरा खरिद,

(ढ) तारबार,

(ण) पानीको व्यवस्थापन,

(त) आवश्यक अन्य यन्त्र/उपकरण तथा समाग्री खरिद,

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

